# कर्मचारीको आवास सुविधा व्यवस्थापन कार्यविधि,२०७९

प्रस्तावनाः प्रदेश सभाको २०७७/०६/२० को बैठकबाट लुम्बिनी प्रदेशको राजधानी रासी उपत्यका (देउखुरी) लाई तोक्ने निर्णय भएकोमा सो कार्यान्वयनको लागि, लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) ले मिति २०७९/०८/२८ मा सबै मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश राजधानी रासी उपत्यका (देउखुरी) मा कार्यालय स्थापना गरी कार्य सञ्चालन गर्ने निर्णय गरे बमोजिम लुम्बिनी प्रदेशको अस्थायी मुकाम बुटवलबाट रासी उपत्यका (देउखुरी) मा स्थानान्तरण भएका निकायमा कामकाज गर्ने कर्मचारीहरुको उच्च मनोबल कायम गरी प्रदेश सरकारको सेवाप्रवाह प्रभावकारी बनाउनको लागि आवास सुविधाको व्यवस्थापन गर्न वाञ्छानिय भएकोले,

प्रदेश सुशासन ऐन, २०७६ को दफा ५३ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "कर्मचारीको आवास सुविधा व्यवस्थापन कार्यविधि,२०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२.परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क)"कार्यविधि" भन्नाले कर्मचारीको आवास सुविधा व्यवस्थापन कार्यविधि,२०७९ सम्झनुपर्दछ।

(ख) "कर्मचारी" भन्नाले प्रदेशमा समायोजन भएका, प्रदेश सरकारबाट नियुक्त भएका, प्रदेश सरकारका निकायमा सरुवा वा काजमा खटिई कामकाज गरिरहेका वा नेपाल सरकार तथा संघीय निकायले प्रदेशमा कामकाज गर्न खटाईएका स्थायी कर्मचारीलाई सम्झनुपर्दछ र सो शब्दले निकायको स्वीकृत दरबन्दीमा करार सेवामा कार्यरत कर्मचारीलाई समेत जनाउने छ।

(ग) "निकाय" भन्नाले प्रदेशको अस्थायी मुकाम बुटवलबाट प्रदेशको राजधानी रासी उपत्यका (देउखुरी) मा स्थानान्तरण भएका मन्त्रालय/आयोग/सचिवालय/निर्देशनालय/प्राधिकरण/प्रतिष्ठान/कार्यालयलाई सम्झनुपर्दछ र सो शब्दले गत विगत आर्थिक वर्षमा अस्थायी मुकाम बुटवलबाट

लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका(देउखुरी) नेपाल

रामप्रसाद पाण्डे

प्रदेशको राजधानी राप्ती उपत्यका (देउखुरी) मा स्थानान्तरण भएका मन्त्रालय/आयोग/सचिवालय/निर्देशनालय/प्राधिकरण/प्रतिष्ठान/कार्यालय लाई समेत जनाउने छ।

(घ) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेश सम्झनुपर्दछ।

३.आवास सुविधाको रकम भुक्तानीः प्रदेशको अस्थायी मुकाम बुटवलबाट प्रदेशको राजधानी राप्ती उपत्यका (देउखुरी) मा स्थानान्तरण भएका निकायमा कार्यरत कर्मचारीलाई अनुसुची-१ मा तोकिएको दरमा स्थानान्तरण भएको स्थानमा मिति २०७९/०८/२८ गते पश्चात हाजिर भएको मितिदेखि आवास सुविधा वापतको रकम भुक्तानी हुनेछ।

४.आवास सुविधाको पाउन विवरण पेश गर्नुपर्नेः (१) आवास सुविधा भुक्तानी पाउनको लागि सम्बन्धित कर्मचारीले देहायको विवरण खुल्ने अनुसुची-२ बमोजिमको निवेदन आफु कार्यरत निकाय प्रमुख समक्ष पेश गर्नुपर्नेछ।

५.आवास सुविधाको रकम भुक्तानी नपाउनेः यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि निम्नबमोजिमको कर्मचारीले आवास सुविधाको रकम भुक्तानी पाउने छैन।

(क) कर्मचारी कार्यरत निकाय रहेको स्थानबाट १५ किलोमिटर भित्र आफ्नो वा एकाघर परिवारको सदस्यको नाममा घरबास भएको कर्मचारीले,

(ख) सरकारी आवासमा वा सरकारले भाडामा लिएको घरमा बस्ने कर्मचारीले,

६.रकम असुल गरी विभागीय कारबाही हुनेः झुटा विवरण पेश गरी आवास सुविधा वापतको रकम भुक्तानी लिएमा भुक्तानी भएको रकम र सोही बराबरको जरिवाना समेत असुल गरी कारबाही गरिने छ।

७.आर्थिक वर्ष २०७९/८० का लागि मात्र लागु हुनेः यस कार्यविधिका आधारमा आर्थिक वर्ष २०७९/८० असार मसान्त सम्म मात्र आवास सुविधा वापतको रकम भुक्तानी दिन सकिने छ।

८.बजेट व्यवस्थापनः कर्मचारीलाई आवास सुविधा वापतको रकम भुक्तानी गर्न आवश्यक पर्ने बजेट अर्थ तथा सहकारी मन्त्रालयले सम्बन्धित निकायको सम्बन्धित बजेट उपशिर्षकमा बजेट थप गरिदिनेछ।

लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका(देउखुरी) नेपाल

रामप्रसाद पाण्डे
सचिव

९.आवास सुविधा वापतको रकम आयमा समावेश गरी करकट्टा गर्नुपर्नेः यस कार्यविधि अनुसार भुक्तानी दिएको आवास सुविधावापतको रकम सम्बन्धित कर्मचारीको आय गणनामा समावेश गरी नियमानुसार करकट्टा गर्नुपर्नेछ।

१०.कार्यविधिको व्याख्या तथा वाधा अड्काउ फुकाउः यस कार्यविधिमा व्यवस्था गरिएका कुनै विषयमा द्विविधा उत्पन्न भएमा त्यसको व्याख्या तथा बाधा अड्काउ फुकाउ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्नेछ।

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

रामप्रसाद पाण्डे
सचिव

अनुसुची-१

(दफा-३ सँग सम्बन्धित)

आवास सुविधा वापत भुक्तानी पाउने मासिक दर

| सि.नं. | कर्मचारीको तह | दर रु. |
|---|---|---|
| १ | ह.स.चा. र कार्यालय सहयोगी | ३५००.०० |
| २ | सहायक चौथो, पाचौं र अधिकृत छैठौं | ६०००.०० |
| ३ | अधिकृत सातौं र आठौं | ७०००.०० |
| ४ | अधिकृत नवौं, दशौं र सो भन्दा माथि | ९०००.०० |

लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका(देउखुरी) नेपाल

रामप्रसाद पाण्डे
सचिव

अनुसुची-२

(दफा-४ सँग सम्बन्धित)

मितिः

श्रीमान् कार्यालय प्रमुखज्यू

विषयः आवास सुविधावापतको रकम भुक्तानी सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा म मिति ..... देखि राप्ती उपत्यका देउखुरीमा स्थानान्तरण भएको.......... कार्यालय (निकाय) मा हाजिर भई कोठा भाडामा लिइ बसोबास गरिरहेको र कार्यरत निकाय रहेको स्थानबाट १५ किलोमिटर भित्र मेरो वा मेरो एकाघर परिवारको सदस्यको नाममा घरबास नभएकोले कर्मचारीको आवास सुविधा व्यवस्थापन कार्यविधि,२०७९ बमोजिम आवास सुविधावापतको रकम मासिक रुपमा भुक्तानी पाउन यो निवेदन पेश गरेको छु।

निवेदक कर्मचारीको
नामः
पदः
निकायः
स्थायी ठेगानाः

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

रामप्रसाद पाण्डे
सचिव